श्री ५ कोसरकार

## कानून न्याय,तथा संसदीय प्रवन्ध मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छैठौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## २०१७ सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराज मान मान्नोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम् ।

## मनोरञ्जन कर लगाउने र असूल उपर गर्ने व्यवस्थाको निमित्त बनेको ऐन

विभिन्न मनोरञ्जन कार्यहरूमा कर लगाउने र असूल उपर गर्ने व्यवस्था गर्नु वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शासन कालको छैठौं वर्षमा संसदले यो ऐन बनाएको छ :—

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः-(१) यस ऐनको नाम मनोरञ्जन कर ऐन, २०१७ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) 'प्रवेश' भन्नाले मनोरञ्जनको निमित्त दर्शकको रूपमा प्रवेश गर्ने कार्यलाई समेत जनाउँदछ ।

(ख) 'मनोरञ्जन' भन्नाले शुल्क लिई व्यक्तिहरूलाई प्रवेश गराइने सिनेमा, नाच, गाना, अपेरा, थिएटर, सर्कस, चटक, खेल प्रदर्शनी र अरू प्रकारका मनोरञ्जनसमेत जनाउँदछ ।

6026
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) 'प्रवेश शुल्क' भन्नाले मनोरञ्जन गराइने स्थानमा बस्ने ठाउँ वा अरू प्रकारको स्थानको निमित्त लिइने शुल्क सम्झनु पर्छ ।

(घ) कुनै मनोरञ्जनको सम्बन्धमा' "मालिक" भन्नाले मनोरञ्जनको व्यवस्था गर्ने जवाफदेही बोक्ने व्यक्तिलाई समेत जनाउँदछ ।

(ङ) 'तोकिएको' वा 'तोकिए बमोजिमको' भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. मनोरञ्जन कर लगाउने र असूल उपर गर्नेः– यो ऐनमा स्पष्ट रूपबाट अन्यथा लेखिएकोमा-बाहेक जुनसुकै मनोरञ्जनमा प्रवेश गराउनको निमित्त लिइने प्रवेश शुल्कमा श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको दरले तोकिए बमोजिम मनोरञ्जन कर लगाई असूल उपर गरिने छ ।

४. मनोरञ्जनमा प्रवेश गर्नमा प्रतिवन्धः– यो ऐनमा स्पष्ट रूपबाट अन्यथा लेखिएकोमा बाहेक प्रवेश शुल्कमा मनोरञ्जन कर लाग्ने व्यवस्था भएको कुनै मनोरञ्जनमा तोकिए बमोजिमको चिन्ह लागेको टिकट वा पास बिना कुनै व्यक्तिलाई प्रवेश शुल्क लिई प्रवेश गराइने छैन ।

५. दण्ड सजायः– (१) कसैले दफा ४ उल्लङ्घन गरी कुनै व्यक्तिलाई कुनै मनोरञ्जनमा प्रवेश शुल्क लिई प्रवेश गराएमा सो मनोरञ्जनको मालिकलाई स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटका आदेशले त्यस्तो प्रत्येक कसुरको निमित्त ने.रू. ५००। पाँच सय रूपैयाँसम्म जरि-वाना हुनेछ र निजबाट असूल गर्नु पर्ने मनोरञ्जन करको रकमसमेत असूल उपर गरिने छ ।

(२) कुनै व्यक्तिले यस ऐन अन्तर्गत बनेको नियमका कुनै कुरा उल्लङ्घन गरेमा निजलाई स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटका आदेशले त्यस्तो प्रत्येक कसुरको निमित्त ने. रू. ५००। पाँचसय सम्म जरिवाना हुनेछ ।

६. मनोरञ्जन हुने स्थानमा प्रवेश गर्ने अधिकारः– (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालन भएको छ वा छैन भन्ने कुरा बुझ्नको निमित्त तोकिएको अधिकारीले मनो-रञ्जन चालू रहेको स्थानमा वा मनोरञ्जनको निमित्त प्रयोगगरिने स्थानमा जुनसुकै समयमा प्रवेश गर्न सक्ने छ ।

(२) मनोरञ्जन चालू रहेको स्थानमा हुल हुज्जत वा अशान्ति रोक्नको निमित्त स्थानीय बडाहाकिम वा मेजिष्ट्रेट वा तिनीहरूले खटाएको कर्मचारी जुनसुकै समयमा आवश्यक मद्दतकोसाथ प्रवेश गर्न सक्ने छ

७. मनोरञ्जन कर सरकारी मालपोत बाँकी सरह असूल गर्नेः– यो ऐन बमोजिम लगाइएको तर असूल उपर हुन बाँकी मनोरञ्जन करको रकम सरकारी मालपोत बाँकी सरह असूल उपर गरिने छ ।

625
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. अख्तियार सुम्पने बारे:– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्राप्त सबै वा कुनै अधिकारको हकमा श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिएको अधिकारीद्वारा प्रयोग गर्न पाउने गरी अख्तियार सुम्पन सक्ने छ ।

९. मनोरञ्जन कर नलगाउने वा फिर्ता दिने अधिकार:– कुनै मनोरञ्जन वा कुनै खास किसिमको मनोरञ्जनहरूको सम्बन्धमा श्री ५ को सरकारले मनासिब माफिकको कारण देखेमा नेपाल गजेटमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिदिएको मनोरञ्जनमा मनोरञ्जन कर नलगाउने गर्न वा असूल भैसकेको मनोरञ्जन कर फिर्ता दिन सक्ने छ ।

१०. नियम बनाउने अधिकार:– (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्छ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी ती नियममा देहायको कुराको व्यवस्था हुन सक्ने छ:—

(क) अधिकारी तोक्ने,

(ख) मनोरञ्जनको मालिकले मनोरञ्जनमा प्रवेश गर्ने काममा चेक गर्ने गराउने, हिसाब किताब राख्ने र विवरण दाखिल गर्ने,

(ग) मनोरञ्जन देखाइने स्थानमा नियन्त्रण, सीटको संख्या र सहुलियतहरूको व्यवस्था गर्ने,

(घ) प्रवेश उपर नियन्त्रण राख्ने र प्रवेश शुल्क असूल गर्ने काम व्यवस्थित गर्ने, तथा मनोरञ्जनको मालिक वा व्यवस्थापक र तिनका सहायकहरूको प्रवेश सम्बन्धी व्यवस्था गर्ने,

(ङ) यो ऐन बमोजिम तोक्नु पर्ने अरू काम कुरा ।

११. खारेजी:– निम्न लिखित नेपाल कानून खारेज गरिएको छ:—

१. काठमाडौं उपत्यकाञ्चल कमिश्नर मेजिष्ट्रेटको सवाल, २००९ को दफा ३ को खण्ड (ख),र

२. मध्येश गोस्वारा ऐन, २०१२ को दफा ३ को खण्ड (घ), (मध्येश गोश्वारा ऐन, २०१२, पहाड तर्फ लागू गर्ने ऐन, २०१४ को सम्बन्धमा पनि)

लालमोहर सदर मिति २०१७।८।२९।४

आज्ञाले-

कृष्णप्रसाद उपाध्याय

श्री ५ को सरकारका सचिव

कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय.

६२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।